हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल

पत्र संख्या :– २०८२/०८३

शाखा/महाशाखा :– शिक्षा विकास महाशाखा

चलानी नं. :– ७६५

मिति:२०८२/०८/१२

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना।

जो जस सँग सम्वन्धित छ।

मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका अन्तर्गत संचालित श्री जनज्योति माध्यमिक विद्यालय, हेटौंडा- १४ मा रिक्त रहेको माध्यमिक तह सामाजिक विषयको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाइ दिनु भनी विद्यालयको च.नं.५५ मिति २०८२/०७/१८ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनूसूचि-१७ वमोजिमको ढाँचामा सम्वन्धित विद्यालय,स्थानिय तह र समन्वय इकाइको सहमतिसहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्वन्धी निर्देशिका २०८१ को दफा ९ वमोजिम सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

....................

हरिचन्द्र सापकोटा

वरिष्ठ विद्यालय निरिक्षक

अधिकृत आठौं

पुनश्चः

१.तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना jjhsshtd@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।( सम्पर्क नं.९८४५१०२६३२, ९८०४२८५१०८)

२.म्याद नाघी वा तोकिएको बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

वोधार्थः

१.श्री शिक्षा तथा समन्वय इकाइ मकवानपुर ,हेटौंडा।

२.श्री सूचना प्रविधि शाखा, हेटौंडा उपमहानगरपालिकाः सूचना वेबसाइटमा सम्प्रेषण गर्नुहुन।

हेटौंडा उपमहानगरपालिका फोन : ०५७-५२०३७७/५२०४३३/५२३०४४/५२३०४५/५२५८३९, वारुण यन्त्र : ०५७-५२०६७७/१०१ फ्याक्सः ०५७-५२२८७६

इमेलः info@hetaudamun.gov.np वेबसाईटः hetaudamun.gov.np